"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
इलाम, १ नं. प्रदेश, नेपाल

पत्र संख्याः- पूर्वाधार विकाश महाशाखा ०७७/०७८ मितिः- २०७७/०६/२१

चलानी नं. :-

**विषय :– शिलवन्दी वोलपत्र आव्हानको सूचना ।**

प्रथम पटक प्रकाशन मिति : २०७७/०६/२२

इलाम नगरपालिकाद्धारा निम्न कार्य शिलबन्दी बोलपत्रवाट गराउनु पर्ने भएकोले नेपाल सरकारवाट संवन्धित कार्य गर्न इजाजत प्राप्त इच्छुक योग्य निर्माण व्यवसायीहरुका लागि निम्न शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. बोलपत्र खरीद प्रकृया **इ-जिपि** सवमिसनको माध्यमबाट मात्र गरीएकोले विड डकुमेण्ट www.bolpatra.gov.np/egp वाट तपसिलमा उल्लेखित मिति को दिनको १२:०० सम्ममा तोकिएको दस्तुर बुझाई वा तपसिलमा उल्लेखित बैक मा नगद जम्मा गरी खरीद गर्न सकिने छ ।

२. बोलपत्र खरिद दस्तुर वापत यस कार्यालयको आन्तरीक राजश्व खातामा जम्मा गरेको सम्बन्धित ठेक्का नं र कार्यको नाम प्रस्ट संग लेखिएको नगद दाखिला भौचर तपसिलमा उल्लेखित मितिको दिनको १२:०० सम्ममा जम्मा गरेको) सक्कलै प्रतिको स्क्यान कपि साथै पेश गर्नु पर्ने छ । विड डकुमेण्ट बैकबाट खरीद गर्ने लागी रकम जम्मा गर्ने वैंकको विवरण निम्नानुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदि मार्फत गरीने खरीद उपर कारवाही गरीने छैन ।
   वैंकको नाम :- नेपाल वैक लि. इलाम आन्तरीक राजश्व खाता नं. :- ०४००३००००१००१००००१

३. वोलपत्रदाताले चालु आ.व. सम्म नवीकरण वा अद्यावधिक भएको निम्न कागजात अनीवार्य पेश गर्नु पर्ने छ ।
   - व्यवसाय दर्ता प्रमाण पत्रहरु (कम्पनी रजिष्टार कार्यालयमा दर्ता/ घरेलु कार्यालयमा दर्ता/ स्थानीय तहमा वा सो सम्वन्धि अन्य कागजातहरु)
   - निर्माण/ आपुर्ति व्यवसाय इजाजत प्रमाण पत्र (भौतिक योजना मंत्रालयबाट जारी गरीएको इजाजत पत्र/ जिल्ला प्रशासन कार्यालय इजाजत पत्र/ जिविस वा स्थानीय तह/ बणिज्य कार्यालय वा संम्वन्धित निकाय बाट प्रदान भएको इजाजत पत्र वा सो सम्वन्धि अन्य कागजातहरु)
   - मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र
   - आ.ब. २०७६/०७७ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
   - एक भन्दा बढी व्यक्ति साझेदारको रुपमा रहेको/ भएको फर्म/ कम्पनी/ सप्लायर्सले मात्र पावर अफ अटोर्नी (अधिकार पत्र) पेश गर्नु पर्नेछ । एक व्यक्ति मात्र प्रोपराईटर (मालिक) भएको फर्म को प्रोपराईटर (मालिक) ले नै वोलपत्र पेश गर्दा पावर अफ अटोर्नी (अधिकार पत्र) आवश्यक पर्ने छैन ।
   - नवीकरण नभएको/ वोलपत्रको कागजातमा उल्लेख भएको कागजात पेश नभएको/ सुचना तथा वोलपत्र कागजात अनुसार नभएको लगायत कुनै आवश्यक कागजात छुट हुन गएकोमा उक्त वोलपत्र मुल्याङ्कनमा समावेस हुने छैन ।

४. वोलपत्र तपसिलमा उल्लेखित मितिको दिनको १२.०० वजे भीत्रमा इ सवमिसन मार्फत मात्र दर्ता गर्न सकिनेछ । दर्ता भएका वोलपत्रहरु सोही दिनको १२.३० वजे यस कार्यालयमा उपस्थित वोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र विभिन्न कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. वोलपत्र खरिद गरिने अन्तिम दिन वा वोलपत्र बुझाउने अन्तिम दिन विदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन वोलपत्र खरिद गर्न र बुझाउन सकिने छ । यस बिषयमा सार्वजनीक खरीद अनुगमन कार्यालयले गरेको निर्णय/ परिपत्र वा यस सम्वन्धि कुनै सम्वन्धित कुरा/ निर्णय सोहि अनुसार हुनेछ र सोहि नै अन्तीम हुनेछ ।
   वोलपत्र साथ ने.वै.लि. इलाम स्थित इलाम नगरपालिकाको धरौटी खाता नं. ०४००३००००३००००००००१ मा फर्म/ सप्लायर्सको नामवाट तपसीलमा उल्लेखित वोलपत्र जमानत (नगरपालिकाले माग गरेको समयमा न पा लाई भुक्तानी हुने वैक ग्यारेन्टी) वापतको रकम जम्मा गरेको भौचर वा वोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तिमा १२० (एकसय बीस दिन) म्याद भएको नेपाल सरकारवाट मान्यता प्राप्त "क" वर्गका वाणिज्य बैंकहरुवाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र (विडबण्ड) पेश गर्नु पर्ने छ । सो जमानी पत्र/भौचरमा सम्बन्धित ठेक्का नं र कार्यको नाम अनीवार्य उल्लेख भएको हुनु पर्ने छ । सम्झौता सम्पन्न भएपछि मात्र वोलपत्र जमानत वापतको रकम फिर्ता गरिनेछ ।

६. एउटा फर्मका नामवाट उल्लेखित ठेक्का नं. तथा नामको वोलपत्र खरीदका लागी रकम जम्मा गरीएको वैक भौचर वा नगदी रसिद बाट अर्को फर्मले वोलपत्र दाखिला गर्न पाईने छैन ।

७. स्थानिय तथा नेपाल सरकारलाई बुझाउनु पर्ने सबै प्रकारका करहरु वोलपत्रदाता स्वयम् आफैले बुझाउनु पर्नेछ ।

८. अन्य विस्तृत विवरण वोलपत्रको विड डाटा सिट मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवश्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी वोलपत्र दाताको हुनेछ ।

पत्र संख्याः- पूर्वाधार विकाश महाशाखा ०७७/०७८ मितिः- २०७७/०६/२१

चलानी नं. :-

९. सूचना तथा वोलपत्र कागजातको शर्त विपरित भएको वा कुनै थपघट गरिएको, रित नपुगेको, म्याद नाघी पेश हुन आएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. वोलपत्रको परीक्षण वोलपत्र कागजात अनुसार हुनेछ र परीक्षण गर्न लाग्ने सम्पूर्ण खर्च वोलपत्र कागजातमा संलग्न वि ओ क्यू को दररेटमा नै समावेश गर्नुपर्नेछ ।

११. दररेट स्पस्ट सग लेख्नु पर्नेछ । दररेट पेश गर्दा भ्याट बाहेकको पेश गर्नुपर्ने छ । दररेट महलमा लेखिएको दररेट भ्याट वाहेकको मानिनेछ । दररेटमा केरमेट भएमा केरमेट भएको स्थानमा वोलपत्रदाताले सहि छाप गर्नु पर्ने छ । अंक र अक्षरमा लेखिएको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

१२. वोलपत्रदाताहरुले आफ्नो वोलपत्र दाखिला गर्नु अगावै वोलपत्रमा उल्लेखित विवरण अनुसार योजनाको स्थलगत निरीक्षण गरि पेश गर्न सकिनेछ ।

१३. अनुभवका प्रमाणपत्र/ लेखा परिक्षण/ कम्पनी वा फर्म दर्ता प्रमाणपत्र/ इजाजत पत्र तथा माग भएका अन्य प्रमाण पत्रहरु पेश गर्दा प्रस्ट सँग बुझिने सक्कलै स्क्यान गरेको वा स्पष्ट फोटोकपि सक्कलै नोटरी प्रमाणित भएको हुनुपर्नेछ ।

१४. सुचनामा उल्लेख भएकोमा सोही वमोजिम र अन्य विषयको हकमा स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित), सार्वजनिक खरिद ऐन २०६३, (संसोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित), प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णयअनुसार हुनेछ ।

१५. वोलपत्र शर्तरहित मूल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराएका कागजात फाराममा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ ।

१६. शिलबन्दि वोलपत्रको सुचना तथा अन्य कुनै कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा विषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै वेला सच्याउन वाधा पर्ने छैन । कार्यालयको हितलाई ध्यानमा राखी विना कारण सबै वोलपत्र पुरै वा आंशिक रूपमा स्वीकार/ स्विकृत गर्ने वा अस्वीकार/ अस्विकृत गर्ने वा सूचना नै रद्ध गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहकोछ ।

१७. वोलपत्र सम्वन्धि थप जानकारीका लागि कार्यालय समयमा यस कार्यालयको पूर्वाधार विकाश शाखा वा यस कार्यालयको वेवसाईट www.ilammun.gov.np मा सम्पर्क गर्न/ हेर्न सकिनेछ ।

**सिलवन्दी वोलपत्र सम्वन्धि कार्यको विवरण**

| कामको विवरण र ठेक्का नं. | वोलपत्र जमानत रकम रु. | लागत अनुमान रकम (भ्याट बाहेक) रु. | वोलपत्र फारम खरीद दस्तुर रु. | वोलपत्र खरिदको लागी भौचर वा नगद जम्मा गर्न सकिने अवधि | वोलपत्र दाखिला गर्ने मिति | वोलपत्र खोलिने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| जिल्लास्तरीय रङ्गशाला निर्माण कार्य, इलाम नगरपालिका वडा नं. १०, इनपा/इलाम/एनसिवि/निर्माण/०२/०७७/०७८ | १,७५,०००.०० (१२० दिन म्याद भएको) | ५१,३४,५४७.३५ | ३०००.०० | २०७७/०७/२३ गते १२:०० बजे भित्रमा | २०७७/०७/२३ गते १२:०० बजे भित्रमा | २०७७/०७/२३ गते १२:३० बजे भित्रमा | |
| विद्यालय भवन निर्माण, इलाम नगरपालिका वडा नं. ०१, ०२ र ०८ इनपा/इलाम/एनसिवि/निर्माण/०३/०७७/०७८ | ३,९०,०००.०० (१२० दिन म्याद भएको) | १,११,८९,९१०.८२ | ३०००.०० | २०७७/०७/२३ गते १२:०० बजे भित्रमा | २०७७/०७/२३ गते १२:०० बजे भित्रमा | २०७७/०७/२३ गते १२:३० बजे भित्रमा | |
| व्यापारीक ट्रस भवन निर्माण कार्य, इलाम नगरपालिका वडा नं. ०७ इनपा/एनसिवि/निर्माण/०४/०७७/०७८ | १,७५,०००.०० (१२० दिन म्याद भएको) | ५१,४३,८९४.२५ | ३०००.०० | २०७७/०७/२४ गते १२:०० बजे भित्रमा | २०७७/०७/२४ गते १२:०० बजे भित्रमा | २०७७/०७/२४ गते १२:३० बजे भित्रमा | |

.................................

काली बहादुर भुजेल

प्रमुख प्रशासकिय अधिकृत